# बराहक्षेत्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी, सुनसरी
प्रदेश नं. १ (नेपाल)

प. सं. > २०७८/०७९
च. नं. >

मितिः २०७८/१०/२४

**विषय : सूचना । सूचना ॥ सूचना ॥।**

प्रस्तुत विषयमा राष्ट्रिय भूमि आयोगद्वारा प्रकाशित सूचना बमोजिम यस नगरपालिकाका भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि प्रथम चरणमा यस अघि नै नगरपालिकाको ११ वटै वडाका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन गर्ने भनी निर्णय भई लगत संकलन कार्य समेत सकिएकोमा उक्त लगत संकलनमा छुट भएकाहरुले आफुले बसोबास वा आवाद कमोत गरेका जग्गा पाउन तपसिल बमोजिमको कागजात र प्रमाण संकलन गरी आयोगले तोकेको ढाँचा बमोजिम निवेदन भरी मिति २०७८।१०।२४ गतेदेखि ७ (सात) दिनभित्रमा यस नगरपालिकाबाट खटिएका लगत संकलनकर्ता समक्ष वा सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

क) नागरिकता प्राप्त परिवारका सबै सदस्यको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र परिवारमुली र निजको पति/पत्नीको हालसालै खिचेको पासपोर्ट साइजको फोटो ।

ख) अव्यवस्थित बसोबासीको हकमा आफू र परिवारका सदस्यका नाममा अन्यत्र रहेको सबै जग्गाको पूर्जाको प्रतिलिपि र सम्बन्धित स्थानीय तहले सम्पत्ती कर प्रयोजनका लागि निर्धाण गरेको मूल्याङ्कन सम्बन्धी स्थानीय तहको पत्र ।

ग) नाप नक्सा हुने क्षेत्रमा आ-आफूले घरवास तथा आवाद कमोत गरेको जग्गाको साँध सिमाना स्पष्ट पार्ने ।

घ) आफूसँग भएका अन्य प्रमाण जस्तैः घरसारको कागजातको प्रतिलिपि, मतदाता परिचय-पत्र, विद्युत पानीको महशुल बुझाएको प्रमाण, स्थानीय तहले घरधुरी कायम गरी कर संकलन गरेको प्रमाण ।

**नोट :** कोही कसैले झुटो विवरण पेश गरेको पाईएमा भूमि सम्बन्धी ऐन, २०२१ अनुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

१०।२४

अम्बिका प्रसाद चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

अम्बिका प्रसाद चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner